सियारी गाउँपालिका
Siyari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipality Executive
हर्नैया, रुपन्देही/ Harnaiya, Rupandehi

५ नम्बर प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या :-/Ref. No. :

चलानी नं. :-/Dispatch No.:

मिति : २०७५/०९/१८

# सूचना ! सूचना !! सूचना !!!

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.नं.४३६० प.सं.०७५/७६ मिति २०७७/०९/१७ को पत्र आदेश अनुसार **"एक नेपाली एक फलफुलका बिरुवा रोपण"** गरी जिल्ला प्रशासन कार्यालय मार्फत मन्त्रिपरिषद कार्यालयमा जानकारी गराउने नीति निर्देशन भए अनुसार यस सियारी गाउँपालिका सम्पूर्ण जनताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सो अभियान अन्तर्गत आ-आफ्नो स्थानमा **फलफुल बिरुवा रोपण** गरी यस कार्यालयमा जानकारी गराउनु हुन अनुरोध छ ।

२०७५।९।१८

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.न. :- ०७५-७६/४३४४

मिति २०७५।०९।१५

विषयः एक नेपाली एक फलफूल विरुवा रोपण अभियान सम्बन्धमा।

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**सबै महानगर/उपमहानगर/नगर/गाउँपालिका ।**

सम्माननीय प्रधानमन्त्रीज्यूबाट विश्व वातावरण दिवस जून ५,२०१८ को अवसरमा सिंहदरबार परिसरमा फलफूलका विरुवा रोपण गरी शुभारम्भ गर्नु भएको **एक नेपाली एक फलफूलका विरुवा रोपण अभियान**लाई वर्षैभरि सञ्चालन गरी नेपाललाई फलफूलमा आत्मनिर्भर बनाउने उद्घोष गर्नुभएबमोजिम देशभर हालसम्म फलफूलका विरुवा २३,१६,७३९ र अन्य विरुवा ५,७४,१८० गरी जम्मा २८,९०,९१९ वटा विरुवा रोपण भएको व्यहोरा अनुरोध छ ।

यस अभियानअन्तर्गत तहाँ क्षेत्रमा विभिन्न प्रजातिका फलफूलका विरुवाहरु रोपण गर्ने कार्यमा संलग्न महानुभावहरुको उत्साहजनक सहभागिताका लागि सम्माननीय प्रधानमन्त्रीज्यूले धन्यवाद व्यक्त गर्नु भएको छ ।

यस अभियानलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिई रोपिएका विरुवाहरुको उचित संरक्षण गर्दै पालिकाको वार्षिक वजेट तथा कार्यक्रममा यस कार्यक्रमलाई समावेश गरी वार्षिक कार्यक्रमको अभिन्न अङ्ग बनाउनु हुन निर्देशानुसार अनुरोध छ । तहाँ क्षेत्रमा खाली रहेको जमिनको अधिकतम् सदुपयोग गर्न नागरिकहरुलाई उत्प्रेरित गराउँदै मौसम एवं भौगोलिक अनुकुलता अनुसारका फलफूलका विरुवाहरु आधुनिक प्रविधिको प्रयोग गरी व्यवसायिक रुपमा रोपण गरी फलफूलमा आत्मनिर्भर बनाउने कार्यमा जोड दिइ **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय लक्ष्य हासिल गर्ने कार्यमा योगदान पुऱ्याउनु हुन समेत अनुरोध छ । साथै गैरसरकारी निकायहरु समेतको संलग्नतामा यस वर्षको हिउँदयाममा रोपिएका/रोपिने फलफूलका विरुवाहरुको प्रजातिगत बिवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत् (Soft Copy समेत) यस कार्यालयमा उपलब्ध गराउने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

विवरण पठाउने ढाँचा:

| क्र.सं. | फलफूलका विरुवाका नाम र जात | रोपिएका विरुवा संख्या | कैफियत |
|---|---|---|---|
| | | | |

(विनोद बहादुर कुँवर)
सहसचिव

बोधार्थः
श्री प्रधानमन्त्रीको निजी सचिवालय, सिंहदरबार ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११[illegible]१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np